☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७८/०७९ च.नं.: ८८७ मिति: २०७८/०७/०१

# ५०% अनुदानमा गहुँको उन्नत वीउ वितरण कार्यक्रम सञ्चालयनका लागि वीउ खरिदको शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

*प्रथम पटक सूचना प्रकाशित मिति:२०७८/०७/०१*

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङमा आवश्यक पर्ने **५०% अनुदानमा गहुँको उन्नत वीउ वितरण कार्यक्रम सञ्चालयनका लागि वीउ खरिदको** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० तथा नियमावली २०६४ को नियम ८४ अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका इच्छुक फर्म/कम्पनीहरुले दरभाउपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।

१. यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन मिति २०७८/०७/१५ सम्म कार्यालय समय भित्र व्यवसायी दर्ता प्रमाण पत्र, नविकरण प्रमाण पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र, वीउ विजन विक्रेता अनुमति प्रमाणपत्र तथा आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको पत्रको प्रतिलिपि सहित निवेदन पेश गरि लमही नगरपालिकाको कार्यालयवाट रु. १०००।- (एक हजार) मा फिर्ता नहुने गरि दरभाउपत्र खरिद गर्न सकिने छ ।

२. बिक्री भईसकेको दरभाउपत्रहरु सिलबन्दी गरी १६ औं दिन मिति २०७८/०७/१६ गते १२.०० बजेसम्म दर्ता गराई सक्नुपर्ने छ र सोही दिनको २.०० बजे दर्ता हुन आएका दरभाउपत्रहरु कार्यालय प्रतिनिधिहरु र दरभाउपत्रदाताको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थिती नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । दरभाउपत्रदाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा.बैक लमही, दाङ धरौटी खाता नं. ४२९०१००३०३००००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी सिलबन्दी दरभाउपत्र साथ पेस गर्नुपर्ने छ ।

३. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु कार्यालय खुलेको दिन हुनेछ ।

४. दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व. को लागि भएकाले अषाढ मसान्तसम्म कुनै प्रकारको मूल्य वृद्धिलाई स्वीकार गरिने छैन ।साथै यस नगरपालिकालाई आवश्यक पर्ने परिमाणमा सामान उपलब्ध गराउनु पर्नेछ ।

५. दरभाउपत्रमा कबोल गरेको दररेटमा नै सम्बन्धित निकाय सम्म वीउ आइपुग्नुपर्नेछ र आइपुग्ने वीउ आ.व. २०७७/०७८ मा उत्पादन भएको, उन्नत वीउको टयाग लगाई विषादीले उपचारित भएको हुनुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

६. दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा सही छाप गरेको हुनुपर्नेछ ।

७. दरभाउपत्र आईटम अनुसार मूल्यांकन गरिने छ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ।

८. सार्वजनकि खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन आयोग्य नभए आपनो स्वार्थ नबांझिएको पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा स्वंय घोषण गरेको पेश गर्नुपर्नेछ । स्वयं घोषणपत्र पेश नगरेको दरभाउपत्रलाई मान्यता दिइने छैन

९. यस सूचनामा छुट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नियमानुसार हुनेछ ।

१०. गहुँको उन्नत जातको वीउको विवरण-

| क्र. सं. | दरभाउपत्र नं. | सामग्रीको विवरण | फारम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १. | कृषि ०१ ख/२०७८/०७९ | ५०% अनुदानमा गहुँको उन्नत वीउ वितरण कार्यक्रम सञ्चालयनका लागि वीउ खरिद । | १,०००/- | ३८,८२४।- |

२०७८।०८।१९

.......................................
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner